अन्नपुर्ण गाउँपालिका पोखरेबगर म्याग्दीको मिति २०८१ बैशाख १७ गते सम्पन्न आर्थिक वर्ष २०८०/२०८१ को तेश्रो चौमासिक प्रगति समिक्षा एवं सार्वजनिक सुनुवाई कार्यक्रमको

# प्रतिबेदन


**प्रतिवेदक**

कृष्ण बहादुर जि.सी. र साधन रामजाली

नेपाल पत्रकार महासंघ जिल्ला शाखा, म्याग्दी


इति सम्बत २०८१ बैशाखा २९ गते शुक्रबार

## परिचय

अन्नपूर्ण गाउँपालिका म्याग्दी जिल्लाको उत्तरी भेगमा स्थित एक प्रमुख गाउँपालिका हो । यो गाउँपालिका अन्नपूर्ण हिमालको नामबाट प्रसिद्ध छ । कुल ५५६.४१ वर्ग किलोमीटर क्षेत्रफल मा फैलिएको यस गाउँपालिकामा उत्तरी भागमा दोबा, भूरुङ, तातोपानी, दाना, नारच्याङ, सिख, घारा, हिस्तान र राम्चे गाउँ सहित केही अन्य गाउँहरू समावेश भएको यस गाउँ पालिका क्षेत्रफलको हिसावले म्याग्दीको दोश्रो ठुलो गाउँपालिका हो । कुल ८ वडाहरू रहेको यस गाउँपालिकामा १६ सदस्यीय कार्यपालिका र ४४ सदस्यीय गाउँ सभाका सदस्यहरू छन् ।

प्राकृतिक सौन्दर्य, ऐतिहासिक, धार्मिक, र सांस्कृतिक समृद्धिको परिचायक यस गाउँ पालिकाको प्रमुख धार्मिक स्थलहरूमा अन्नपूर्ण हिमाल, माछापुछ्रे, धौलागिरी, र निलगिरी हिमालहरु रहेका छन् ।

अन्नपूर्ण गाउँपालिका पर्यटन, जलाभिद्युत, कृषि र पशुपालन आर्थिक विकासका सम्भावना र आधार हुन् । यो गाउँपालिकामा जलउर्जाको सम्भावनाहरू बहुमुखी रुपमा अध्ययन गरिएको छ । आर्थिक रुपमा जिल्लाका अन्य पालिकाभन्दा प्रशस्त सम्भावना भएको अन्पूर्ण गाउँपालिका आर्थिक पर्यटन (**Eco-tourism**) को हब मानिन्छ । अधिकांश बसोबास मगर जातिको रहेको यो पालिकामा बैदेशिक रोगजारबाट प्राप्त विप्रेषणले पनि आर्थिक विकासमा टेवा दिएको छ ।

अन्नपूर्ण गाउँपालिका गाण्डकी प्रदेशको गहिरो गल्छीको रुपमा लिन सकिने छ र यसको आधारमा विभिन्न विकास कार्यहरू जारी गरिएको छ । यस गाउँपालिकाभित्र मिरस्त्री, घलेम्दी, निलगिरी लगायतका थुप्रै जलाभिद्युत आयोजनाहरु रहेका छन् । यस्ता आयोजना मार्फत स्थानीयरुपमा रोजगारी सृजना, पूर्वाधार निर्माण (सडक, पुल) मा समेत सहयोग पुगेको छ ।

यस गाउँपालिकामा समृद्धि र सहज यातायातका लागि लामो अन्नपूर्ण पदमार्ग छ । यसले पर्यटकहरूको लागि अत्यधिक आकर्षक थपेको छ । अर्को पक्ष भनेको पर्यटकको आगमन र उनीहरुलाई रोक्ने बाताबरण बनाउन सक्नु यहाँको सवाल पक्ष हो ।

जनपक्षीय र जनहितमा कामगर्न उद्दत यो पालिकाले राज्यको उत्तरदायित्व र नागरिक प्रति जवाफ देहि बन्न नियमित रुपमा विभिन्न शाखाले सम्पन्न गर्ने कार्यको समिक्षा, सुझाव संकलन, सार्वजनिक सुनुवाई कार्यक्रम गर्दै आइरहेको छ । नागरिकले सुचना प्राप्तगर्ने उनीहरुको अधिकारलाई प्रत्याभूत गर्न कार्यपालिकामा नागरिक बडापत्र र वेभ साइटमा नियमित गतिबिधि अद्धबधिकगर्ने, सामाजिक संजाल मार्फत सुचना जानाकारी एवं गतिविधिहरुलाई अध्यावधिक गर्दै आइरहेको छ । विस्तृत रुपमा द्विपक्षीय सवाल जवाफगर्दै नागरिक सम्बन्ध बलियो बनाउन सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम संचालनगर्ने

गर्दछ। सार्वजनिक सुनुवाई एक खुल्ला छलफल हो। नागरिकको विचार र दृष्टिकोण साझा गर्न यसले एक एक प्लेटफर्म प्रदान गर्दछ।

## सार्वजनिक सुनुवाइको उद्देश्य

सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गर्नुको मुख्य उद्देश्य  नीति निर्माण गर्न, निर्माण गरिएका नीति तथा कार्यक्रमको प्रभावाकारी  कार्यान्वयन गर्न गराउन, कुनैपनि विषयमा   सामाजिक छलफल गरि सामाजिक हित र त्यसको पक्षमा वकालत गर्न, कुनै कार्यक्रममा राजनीतिक आक्रमकता छ भने त्यसलाई न्यूनीकरण गर्दै समाधान गर्न हो। यसका साथै आमनागरिकले प्रस्तुतगर्ने, पोख्ने गुनासोको समाधान गर्दै सामुदायिक सहभागिता वृद्धि गर्दै विकास निर्माण र आम जनजीवनका गतिविधिलाई सहज बनाउनु हो। स्थानीय तहले नियमित रुपमा यस्ता कार्यक्रमले  नागरिकप्रतिको  जवादेहीता  पारदर्शिता प्रस्तुत गरेको हुन्छ  गरेको छ।

म्याग्दीको अन्नपुर्ण गाउँपालिकाले नियमित रुपमा पालिकाले प्रबाहगर्ने सेवा र गाउँपालिका बाट हुने गरेका सम्पूर्ण कामहरुको बारेमा आमनागरिक समक्ष जनाकारी गराउने गर्दछ। अन्नपुर्ण गाउँपालिका पोखरेबगर म्याग्दीले  मिति २०८१ बैशाख १७ गते आर्थिक वर्ष २०८०/२०८१को तेश्रो चौमासिक प्रगति समिक्षा एवं सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरेको छ।

### कार्यक्रमका उदेश्यहरु :

१ गाउँपालिकाबाट संचालित योजना, नीति, कानून, या अन्य प्रस्तावित कार्यक्रमको लागि सार्वजनिक समर्थन प्राप्त गर्न।

२ आम नागरिकलाइ  सेवा प्रबाहको बारेमा जानाकारी दिंदै आवधिक योजना र  भावी कार्यक्रमको बारेमा जानकारी प्रदान गर्ने।

३ सामुदायिक समर्थन तथा सहभागिता बढ़ाउन सामुदायिक र  भावनात्मकताको बिकास गर्न।

४ आम नागरकिलाई नीति निर्धारणमा सहयोगी भूमिका खेल्दै समस्या समाधानमा सहयोगी बनाउन।

## कार्यक्रमको प्रवृत्ति

- प्रत्येक शाखाबाट शाखाले सम्पादन गरेका गर्ने कार्यको तेस्रो त्रैमासिक चैत मसान्त सम्म  गाउँपालिकाबाट चालु आर्थिक बर्ष २०८०/०८१ मा सञ्चालित विकास निर्माण योजना, कार्यक्रम, सेवा प्रवाहको अवस्थाको बारेमा विषयगत शाखाबाट जानाकारी  जानकारी दिने र नागरिकलाई सुसुचित  गराउने जानकारी दिने र नागरिकलाई  सुसुचित  गराउने।

- नदीजन्य पदार्थ उत्खनन् एवं संकलन र वडा नम्बर ६, एकल चौतारा स्थित खाली क्षेत्रमा नकुहिने फोहोर संकलन स्थापना गर्ने कार्यको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदनको हालसम्मको अवस्थाबारे स्पष्टपार्ने ।

- प्रस्तुतीकरण पश्चात सहभागेहरुबाट उठाइएको सवाल र जिज्ञासाहरुको सम्बन्धित निकाय र शाखाबाट स्पष्टिकरण दिने ।

## सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका प्रश्न जिज्ञासा र उत्तर

| क्र. सं | प्रश्नकर्ताको नाम | प्रश्न/गुनासो/ सुझाव | उत्तर दिने व्यक्ति | जवाफको व्यहोरा |
|---|---|---|---|---|
| १. | प्रदिप तिलिजा अन्नपुर्ण-४, तातोपानी, म्याग्दी | • तातोपानी कुन्डको सम्झौता अबधि बाँकि रहेकै बेला पुर्वाधार निर्माण शुरु किन गर्न थालियो ?<br>• गाउँपालिका भित्र आयात हुने म्याद नाघेका बस्तुको अनुगमन भयो तर त्यसको कार्यान्वयन प्रक्रिया कहाँ पुगेको छ ? | अमृत सुबेदी प्रमुख प्रशासकिय अधिकृत | • तातोपानी कुण्डको सम्झौता अबधि अझैपनि बाँकी रहेको र सम्झौता अबधिसम्म निश्चिन्त भएर काम सक्नुहुनेछ । तपाइंको व्यवसायलाई कुनै अफ्ठेरो पर्दैन, निर्माणको प्रक्रिया केहि लामो हुन्छ त्यसैले चालु आर्थिक वर्षमा निर्माणको काम शुरुनहुने हुँदा ढुक्क भएर व्यवसाय संचालन गर्न सक्नुहुन्छ ।<br>• गाउँपालिकामा जफत गरिएका म्याद नाघेका बस्तु अहिले गाउँपालिकाको स्टोरमा राखिएको र त्यससलाइ उद्योग बाणिज्य संघ, नेपाल गुणस्तर बिभाग लगायतसंग परामर्श र गहन |

| | | | | |
|---|---|---|---|---|
| | | | | छलफल गरि क्षतिपुर्तीको दिन मिल्ने नमिल्ने अबस्था र नष्ट गरिने छ जुन काम प्रक्रियामा रहेकोले छिट्टै त्यसको प्रभावाकारी नतिजा यहाँले प्राप्त गर्नुहुनेछ । |
| २. | श्याम राना मगर अन्नपुर्ण - २, म्याग्दी | • कार्यक्रममा उपस्थिति किन न्युन भयो ?<br>• विद्यालयमा खुवाइने दिवा खाजाको भुक्तानी प्रक्रिया कस्तो हो ?<br>• रोजगारको लागी अनुदान दिने प्रक्रिया के हो ? मैले मेरो वर्कसपको (ग्यारेज) को लागी मेसिन खरिद गर्न खोज्दा किन अनुदान पाइन ? | • अमृत सुबेदी प्रमुख प्रशासकिय अधिकृत<br>• सबिना थापा महिला तथा बालबालिका शाखा<br>• भारतकुमार पुन गाउँपालिका अध्यक्ष | • कार्यक्रमको बारेमा आम रुपमा सूचना प्रबाह गरिएको थियो, स्थानीय पत्रपत्रिकाका, गाउँ पालिकाको वेभसाइट, सामाजिक संजाल लगयाताबाट समेत सुचना प्रबाहगर्दा उपस्थित नहुनु नागरिक सचेतना र राज्यप्रति आम नागरिकको बेवास्स्ता हो । आम नागरिकमा भत्ता पाउने कार्यक्रममा तछाड मछाड गर्ने तर आम चासोको कार्यक्रममा भत्ता पाइदैन भने नआउने अवस्था छ कार्यक्रम हाम्रैलागीहो भन्ने चेतना नहुनु त्यसो कारण हो ।<br>• बिल भुक्तानी गर्ने एउटा बिधि र प्रक्रिया छ एकै प्रकृतिका विल, खर्च, नगद भुक्तानी गर्न एकैपटक गरिने हुन्छ तर कुनै वडाले |

| | | | | |
|---|---|---|---|---|
| | | | | अझैसम्म पनि विल बुझाउनु भएको छैन जसले गर्दा ढिलो हुन्छ, त्यसैले समयमा विल प्राप्त भएमा भुक्तानी प्रक्रिया छिटो र सहज हुन्छ । मेसिन खरिदगर्ने अनुदान प्रदान गर्दा व्यक्तिगत हित भन्दापनि सामुहिक हितलाई प्राथमिकतामा रखिन्छ ब्यक्तिगत प्रयोजनको लागी अनुदान प्राथमिकतामा नपर्न सक्छ । |
| ३. | राजाराम बरुवाल अन्नपुर्ण गाउँपालिका-४ म्याग्दी | • हालै घारामा बिद्युत लाइनमा हाइ भोल्टेज करेन्ट प्रबाहहुँदा धैरै घरमा क्षति पुगेको छ यो भन्दा पहिला पटक पटक यस्तै अबस्था आउँदा जनाकारी गराइएको थियो तर किन कार्यान्वयन हुदैन ? सुनुवाई नहुँदा यस्तो क्षती व्यहोर्नुपर्यो | भारत कुमार पुन गाउँपालिका अध्यक्ष | • हामीलाई जानाकारीमा आए अनुसार बिद्युत कार्यालयलाई जानाकारी गरिएको थियो, बिधुत कार्यालयका अनुसार समस्या समाधान भएको जनाकारी प्राप्त भएको थियो तर फेरी यस्तो समस्या आउदा आफुलाई दुःख लागेको। त्यस बिषयमा के भएको हो भनि तत्कालै बुझ्ने काम अगाडी बढाइने छ र अव त्यस्ता घटना नदोहोरियोस भन्ने विश्वासका साथ् काम गरिनेछ । |
| | **थप प्रश्न** | | | |

| | | | | |
|---|---|---|---|---|
| १. | श्याम राना मगर अन्नपुर्ण - २, म्याग्दी | • कर कार्यालयमा ब्यबसाय दर्ता गरेपछि किन गाउँपालिकामा पनि दर्ता गर्नुपर्यो ? राज्यलाइ किन कर तिर्ने ? कर सम्बन्धि शिक्षा दिनु पर्यो ? | • अमृत सुबेदी प्रमुख प्रशासकिय अधिकृत | आआफ्नो व्यवसाय कर कार्यालयमा दर्ता गरि भ्याट/ प्यान नम्बर लिनु अनिवार्य छ अन्यथा करछलीको आरोपमा मुद्दा लाग्न सक्छ । गाउँपालिकामा सुचिकृत हुनुको तात्पर्य जुन ब्यबसाय पालिकामा सुचिकृत भएका हुन्छन तिनीहरुले प्राथमिकता पाउछन जस्तै तपाइंको वर्क सप छ , दर्ता छ प्यान/ भ्याटमा अव गाउँपालिकामा सुचिकृत गर्नुभयो भने गाउँपालिकाले दिने कामको सुचिमा तपाईं पर्नुहुन्छ । |

## सार्वजनिक सुनुवाइका उपलब्धिहरुः

१. पालिकाको सबै शाखाको गतिविधिहरुको बारेमा सहभागी सम्पूर्णलाई जानकारी प्राप्त भयो ।

२. आर्थिक वर्ष २०८०/२०८१को तेश्रो चौमासिक अवधिमा गाउँपालिकाले सम्पादन गरेका नीति, कार्यक्रम, बजेट तथा योजनाहरुको कार्यान्वयनको अवस्थाको बारेमा सम्बन्धित शाखामार्फत प्रस्तुतीकरण प्रभावकारी रह्यो ।

३. पालिकाको समग्र गतिविधिको बारेमा सरोकारवाला निकाय, सेवाग्राही, सर्वसाधारण, नागरिक तथा कर्मचारीहरुले समेत बुझ्ने अवसर प्राप्त भयो ।

४. सार्वजनिक सुनुवाई कार्यक्रमबाट गाउँपालिकाअन्तर्गत रहेका विभिन्न शाखाहरुबीच एकापसमा अन्तर्सम्बन्ध, सहकार्य र समन्वयको वातावरण सिर्जना भयो ।

५. आगामी दिनमा पालिकामार्फत सञ्चालन हुने योजना तथा कार्यक्रम एवं सम्पादित गतिविधिहरुलाई थप प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि पृष्ठपोषण प्राप्त भयो ।

६. गाउँपालिकामार्फत कार्यसम्पादन भए गरेका सम्पूर्ण गतिविधिहरुलाई नियमित रुपमा वेवसाइडमा अपडेट गराएको पाइयो ।

## सार्वजनिक सुनुवाइका सबल पक्षहरुः

१. कार्यक्रम तोकिएको समयमा नै सुरु भयो ।

२. पालिकाअन्तर्गत रहेका सबै शाखाहरुबाट सम्पादित गतिविधि, सञ्चालित कार्यक्रम तथा योजनाहरुको कार्यान्वयन अवस्था उत्कृष्ट र प्रभावकारी देखियो ।

३. कार्यक्रम सञ्चालनको क्रममा एकअर्का शाखा तथा सम्बन्धित लाभग्राही र सरोकारवाला निकायसँग पनि समन्वय र सहकार्य गरेको पाइयो ।

४. पालिकामार्फत सञ्चालित गतिविधिहरुको प्रस्तुतीकरण शैली प्रभावकारी हुनुका साथै प्रष्टसँग बुझिन्थ्यो ।

५. सार्वजनिक सुनुवाइमा प्रस्तुतीकरण गर्ने क्रममा सम्पादित गतिविधिलाई पावरपोइन्टको माध्यमबाट देखाउने, हेन्सआउट उपलब्ध गराउने, कपीकलम तथा आवश्यक सामग्रीको छनोट र प्रयोग शैली प्रभावकारी देखियो ।

६.कार्यक्रममा पालिकाभित्रका सबै स्थानीय राजनीतिक दल, सरोकारवाला निकाय, स्थानीयवासीलगायत नागरिक समाज सबैलाई निमन्त्रणा गरेको जानकारी भयो ।

७. उपस्थिति कम भएपनि कार्यक्रमको अन्त्यसम्म बसेर विषयवस्तुको विश्लेषणमा सहभागी भएको पाइयो ।

८. गाउँपालिकाको आफ्नै हलमा भित्र कार्यक्रम गर्दा मौसम अनुकुलन रह्यो ।

## सुधार गर्नुपर्ने पक्ष तथा सुझावहरुः

१. कार्यक्रममा उपस्थिति न्युन रहेको पाइयो त्यसैले  सार्वजनिक सुनुवाई जस्तो महत्वपूर्ण कार्यक्रममा वडाका जनप्रतिनिधिहरुको साथमा आम सर्वसाधारणहरुलाई पनि उपस्थित गराउनुपर्ने ।

३. वडा नम्बर ६, एकल चौतारा स्थित खाली क्षेत्रमा नकुहिने फोहोर संकलन स्थापना गर्ने कार्यको प्रारम्भिक वातावरणीय परिक्षणको बारेमा जनाकारी गराउंदा सम्भावित प्रभावित क्षेत्रका बासिन्दा लाइपनि सहभागी गराइनुपर्ने ।

५. सेवा प्रवाहलाई चुस्त, दुरुस्त र समय सान्दर्भिक बनाउन नागरिक सचेतनाका कार्यक्रम संचालन गर्नुपर्ने ।

कुनै विभागका प्रमुख भने प्रस्तुतीकरणमा तयारी कम गरेको देखियो (जस्तैः आयुर्वेदिक शाखा) प्रस्तुतकर्ताले प्रतुतिकरण गर्ने सामाग्री र विषयवस्तुको बारेमा प्रष्ट हुनुपर्ने ।

७. स्थानीय राजनीतिक दल, नागरिक समाज तथा सरोकारवाला निकायको उपस्थित बलियो बनाउनुपर्ने ।

८. सार्वजनिक सुनुवाई कार्यक्रम समय समयमा पालिका तथा वडास्तरमा समेत सञ्चालन गर्नुपर्ने ।

## सार्वजनिक सुनुवाइका केहि तस्विरहरु



















